
# टीकापुर नगरपालिका




# नगर जलवायु परिवर्तन नीति, २०८१

# नगर जलवायु परिवर्तन नीति

## १. पृष्ठभूमि :

नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको पूर्वी भागमा कर्णाली नदीको तटमा अवस्थित टीकापुर नगरपालिका, २०७३ फागुन साबिक टीकापुर नगरपालिका, नारायणपुर र धन्सिहंपुर गा.वि.स. मिली नगरपालिका बनेको हो। यो नगरपालिका पूर्व पश्चिम राजमार्गमा पर्ने लम्की वजारदेखि १४ कि.मी दक्षिणपट्टि भारतको सिमानादेखि १४ किलोमिटरमा अवस्थित छ। टीकापुर नगरपालिका १२२.२२ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ र यो समुन्द्री तटबाट १४५-१६१ मीटरको उचाईमा पर्दछ। टीकापुर नगरपालिकाको सिमाना पूर्वमा कर्णाली नदी र बर्दिया जिल्ला, पश्चिममा भजनी नगरपालिका, उत्तरमा जानकी गाउँपालिका र दक्षिणमा मोहना नदी र भारतको अन्तराष्ट्रिय सिमाना पर्दछ। विगत केही दशक यता बायुमण्डलीय तापक्रममा भएको तिव्रतर वृद्धि र त्यसबाट सिर्जित अतिवृष्टी, अनावृष्टी, खडेरी जस्ता जलवायुजन्य प्रकोपहरू बढ्दै गएका छन। जलवायु परिवर्तनका नकारात्मक असरहरू वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पुर्वाधार विकास लगायत जिविकोपार्जनका क्षेत्रमा  प्रत्यक्ष महसुश भएको छ भने बाढी, पहिरो, हावाहुरी तथा डढेलो जस्ता जलवायुजन्य प्रकोपका कारण ठुलो मात्रामा धनजनको क्षति भइरहेको छ। नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक भएकोले, नेपालमा हिमताल पग्लने, अनियमित मौसमी चक्र, वाढी पहिरो र वन डढेलो जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। हिमाली क्षेत्रमा हिउ पग्लने, हिमताल विस्फोट हुने, जैविक विविधतामा प्रतिकूल असर पर्ने लगायतका असर देखिएका छन। वर्षामा आएको विषमपनाले पहाडी क्षेत्रहरुमा पहिरो जाने, भू-स्खलन, आदिले जलाधारको हैसियतमा ह्रास आउने र तराईमा वाढी तथा डुवानको र सुक्खा याममा वन डढेलोको समस्या टड्कारो रुपमा देखिन थालेको छ। जलवायु परिवर्तनका कारणले यी समस्याहरु अझ ज्वलन्त बन्दै गएका छन् । तसर्थ स्वच्छ र सुरक्षित प्राकृतिक वातावरणमा बाँच्न पाउने हामी र हाम्रा सन्ततिको अधिकार रक्षा  गर्नु सामुहिक दायित्व भएको कारण अन्तर-पुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै स्थानीय स्तरमा जलवायु परिवर्तनका जोखिमसँग जुध्न स्थानीय सरकारले विभिन्न नीतिहरूको विकास र अबलम्बन गर्न आवश्यक छ।

## २. सन्दर्भ :

जलबायु परिवर्तनको असर कम गर्न नेपालको संविधानले नै जलबायु परिवर्तनका सम्बन्धमा गरिनु पर्ने नीतिगत तथा कानूनी व्यवस्थाका सन्दर्भमा यथेस्ट मार्गदर्शन गरेको छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूत गरेको छ भने दीगो र वातावरण अनुकुल विकास, नविकरणीय उर्जाको प्रवर्द्धन, औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने जोखिमको न्युनिकरण, पर्यावरण अनुकुलको पर्यटन विकास जस्ता कुरालाई राज्यको नीतिको रुपमा अंगिकार गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले वातावरण संरक्षण र जलवायु परिवर्तनसंग सम्बन्धित स्थानीय तहको अधिकारलाई सूचीवद्ध गरेको छ।

जलवायु परिवर्तन नीति २०७६ ले राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरूलाई मूलप्रवाहीकरण वा आन्तरिकीकरण गर्ने उद्देश्य लिएको छ। जलवायु परिवर्तनलाई स्थानीय विकास योजनामा एकीकृत गर्ने उद्देश्यले स्थानीय तहहरुले स्थानीय अनुकुलन कार्ययोजना (LAPA) को तयारी गरि कार्यान्वयन गरिरहेका छन। यसरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र नि यमावली २०७७, राष्ट्रिय जलवायु परिवर्तन नीति  लगायतका कानून र स्थानीय अनुकुलन कार्ययोजनाले स्थानीय सरकारलाई आफ्नो तहको यथोचित विश्लेषण गर्दै जलवायु परिवर्तनका प्रभावलाई सम्वोधन गर्ने अवसर प्रदान गरेको छ।

संविधान, राष्ट्रिय नीति, कानूनका साथै नेपालले वातावरण र जलवायु परिवर्तनसंग सम्बन्धि विषयमा नेपालले व्यक्त गरेका राष्ट्रिय अन्तराष्ट्रिय प्रतिबद्धताहरु र दीगो विकास लक्ष्यलाई  तोकिएको समयमै हासिल गर्न स्थानीय सरकारको मुख्य र महत्वपूर्ण भूमिका रहने भएकोले जलवायु परिवर्तनबाट सिर्जित समस्या र चुनौती, आवश्यकता र प्राथमिकता, उपलव्ध स्रोत, साधन र अवस्थालाई समेत आधार बनाई टीकापुर नगरपालिकाले यो 'नगर जलवायु परिवर्तन नीति २०८१' तर्जुमा गरि जारी गरेको छ ।

## ३. विद्यमान स्थिति

टीकापुर नगरपालिकामा अहिले स्थानीय अनुकूलन कार्य योजना (LAPA) तर्जुमाको तयारी गरिरहेको छ। स्थानीय अनुकूलन कार्य योजनाले जलवायु परिवर्तनवाट हुने स्थानीय समस्यालाई सम्वोधन गर्न उपयुक्त रणनीति तयार गर्ने र त्यसलाई स्थानीय विकास योजनामा समावेस गर्ने कार्य गर्दछ। यस वाहेक नगरपालिकाले संघीय सरकार तथा प्रदेश सरकारवाट प्रदत्त नीति र कार्यक्रमहरु कार्यन्वयन  गर्दै आएको छ।

टीकापुर नगरपालिका प्राकृतिक प्रकोपको जोखिमका वीचमा रहेको छ। नगरपालिकाका  अहिलेका नीतिहरूले प्रकोप जोखिम न्यूनीकरणका (DRR) उपायहरूलाई एकीकृत रुपमा सम्वोधन गर्ने  प्रयास गरेका छन्। कर्णाली नदी लगायतका अन्य नदिको बाढी तथा जलवायु-प्रेरित जोखिमहरूबाट समुदायलाई जोगाउन टीकापुर नगरपालिकाले पूर्व चेतावनी प्रणाली, आपतकालीन तयारी लगायतका योजनाहरूमा काम गर्दै आएको  छ। नगरपालिकाले स्थानीय समुदायलाई प्रकोप तयारी र प्रतिक्रियाका प्रविधिहरूमा तालिम प्रदान गर्ने गरेको छ ।

टीकापुर नगरपालिकाले जलवायु प्रतिरोधी स्थानीय पूर्वाधार निर्माणलाई प्राथमिकता प्रदान गर्ने, हरित क्षेत्रको विकास गर्ने, बाढी-प्रतिरोधी सडक र पुलहरू लगायतका पूर्वाधारहरुको निर्माण गर्ने र दीगो शहरी विकास योजना प्रवर्द्धन गर्ने जस्ता कार्यहरू गर्ने गरेको छ। यसका साथै वर्षा पानी संकलन, जल स्रोतको संरक्षण गरेर जल सुरक्षा सुनिश्चित गर्ने कार्यक्रम पनि  कार्यान्वयन गर्दै आएको छ। त्यसै गरि नवीकरणीय ऊर्जाको उपयोग गर्न वायोग्यासको विकास, ऊर्जा दक्षता प्रवर्द्धनको लागि सुधारिएको चुलोको प्रयोग र सौर्य ऊर्जाको उपयोग र लक्षित समुहलाई प्रोत्साहन प्रदान गर्ने कार्य गरि ऊर्जा दक्षता कार्यक्रमहरू प्रवर्द्धन गरिदै आइएको छ ।

नगर जलवायु परिवर्तन नीति, २०८१

## ४. समस्या, चुनौती

जलवायु परिवर्तनसँग सम्बन्धित नीति र योजनालाई कार्यान्वयन गर्न विभिन्न चुनौतीहरू रहेका छन् । यी चुनौतीहरूले जलवायु परिवर्तन सम्बन्धी नीतिहरूलाई प्रभावकारी रूपमा लागू गर्न अवरोध पुऱ्याउँछन् । यी चुनौती र समस्याहरूलाई निम्न अनुसार वर्गिकरण गरि विश्लेषण गर्न सकिन्छ ।

४.१ **वित्तीय चुनौती**: नगरपालिकामा जलवायु परिवर्तन कार्यक्रम र परियोजनाहरू लागू गर्नका लागि पर्याप्त बजेटको अभाव छ। संघ तथा प्रदेशमा नै जलवायु परिवर्तन सम्वन्धि कार्यक्रम र नीति अन्तर्राष्ट्रिय वित्तीय, खास गरि अनुदान सहयोगमा निर्भर रहेको हुँदा स्थानीय तहमा त्यसको थप प्रभाव परेको देखिन्छ।

४.२ **प्राविधिक क्षमता र ज्ञानको अभाव**: नगरपालिकासँग जलवायु परिवर्तनसँग जुध्नका लागि आवश्यक प्राविधिक क्षमता, अनुभव, र उपकरणहरू अभावमा छ । नगरपालिकामा वातावरणीय प्रभावको मूल्याङ्कन, अनुकूलन योजना तयारी र आपतकालको पूर्व तयारीका लागि प्राविधिक ज्ञानको कमी रहेको छ ।

४.३ **जलवायु तथ्यांकको कमी:** जलवायु परिवर्तनको प्रभावको सटीक मूल्याङ्कन गर्न र सो आधारमा निर्णय गर्नका लागि आवश्यक आँकडा र सूचनाको कमी हुन्छ । अपाङ्गता भएका व्यक्ति, महिला, दलित जेष्ठ नागरिक बालबालिकाहरू संग संम्वन्धित विश्वसनीय र अद्यावधिक तथ्यांकको अभावले नीति र योजना बनाउने र कार्यान्वयन गर्ने प्रक्रियालाई समेत प्रभावित पारेको छ ।

४.४ **संस्थागत समन्वयको अभाव:** संघीय, प्रदेश, र स्थानीय तहबीचको समन्वयको अभावले नीति तथा कार्यक्रम तर्जुमा र प्रभावकारी कार्यान्वयनमा समस्या भएको छ । सम्बन्धित निकायहरूबीच जिम्मेवारीहरूको अस्पष्टता, सहयोगी संयन्त्रको अभावले नीतिहरू बीचको असमानताले जलवायु परिवर्तनको जोखिम न्युनिकरणको दीर्घकालीन प्रयासहरूलाई समेत कमजोर बनाउँछ ।

४.५ **नियामक र कानुनी संरचनागत समस्या:** जलवायु परिवर्तन सम्बन्धी नीति र कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी संरचना र कार्यान्वयन संयन्त्रहरू पर्याप्त विकसित भएका छैनन् ।

४.६ **जनचेतनाको कमी:** जलवायु परिवर्तनका प्रभाव र यसको जोखिमहरूबारे पर्याप्त जानकारी र जनचेतनाको अभाव छ । जनताको संलग्नता र सहभागिता अभावका कारण जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता कम हुन जान्छ ।

४.७ **सामाजिक समावेशीकरणका चुनौती:** जलवायु नीतिहरूमा सबै समुदाय, विशेष गरि महिला, आदिवासी, अपाङ्गता भएका व्यक्तिहरू, दलित, जेष्ठ नागरिक एवं बालबालिका र अन्य जोखिम

नगर जलवायु परिवर्तन नीति, २०८१

अवस्थामा रहेका समूहहरूलाई समेट्ने चुनौती छ । यसले गर्दा नीति निर्माण र निर्णय प्रकृयामा सबैको समान पहुँच र अवसर सुनिश्चित हुन अवरोध हुन जान्छ ।

४.८ **प्राकृतिक प्रकोपहरूको जोखिम:** बाढी, डुवान, सुख्खा, वन डढेलो जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेकोले दीर्घकालीन नीति र योजना निर्माण र कार्यान्वयनमा कठिनाई हुन्छ ।

## ५. नीतिको आवश्यकता र अवसर

५.१ संविधानप्रदत्त स्थानीय तहको अधिकार कार्यान्वयन गर्नका लागि, नगरपालिकाको अवस्था, समस्या र आवश्यकता अनुरुप स्थानीय तथ्य र प्रमाणका आधारमा नगरपालिकाको जलवायु परिवर्तन अनुकुलन सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्ने अवसर र त्यसको लागि मार्गनिर्देश गर्न आवश्यक नीति तर्जुमा गर्न आवश्यक छ ।

५.२ पेरिस संझौताको पक्ष राष्ट्रको रुपमा नेपालले अनुकूलन तथा उत्सर्जन न्यूनिकरणका क्षेत्रमा गरेका कामको आवधिक विवरण पारदर्शी रुपमा सार्वजनिक गर्नु पर्ने मुलुकको दायित्व भएको र संविधानको मर्म अनुसार राज्य पुनर्संरचनाको क्रममा जलवायु अनुकूलनका अधिकांश कार्य स्थानीय तहवाट हुने गरि अधिकारको व्यवस्था भएकाले नगर जलवायु परिवर्तन नीति तर्जुमा गर्न आवश्यक छ ।

५.३ नगरपालिका स्तरमा रहेका प्राकृतिक श्रोतको संरक्षण तथा व्यवसायिक व्यवस्थापनबाट प्राकृतिक श्रोतको दिगो उपयोग, जैविक बिबिधताको संरक्षण, खाद्य सुरक्षा, स्वच्छ उर्जा तथा स्वच्छ वातावरण लगायतका क्षेत्रमा पहुँच र समावेशिताको सुनिश्चित गर्दै समुदायलाई अधिकतम परिचालन गर्दै अनुकरणीय काम गरेर उचित लाभ लिन सक्ने अवसर नगरपालिका सामु रहेको छ ।

## ६. सोंच(Vision)

'स्वच्छ, सबल र सुन्दर : जलवायु उत्थानशील टीकापुर नगर'

## ७. लक्ष्य(Mission)

टीकापुर नगरपालिकालाई वातावरणमैत्री, समावेशी, पहुँचयुक्त र जलवायु उत्थानशील नगरपालिकाका रुपमा विकास गरी नगरवासीको सामाजिक तथा आर्थिक समुन्नतिमा योगदान पुऱ्याउने ।

## ८. उद्देश्य(Objectives)

८.१ नगरपालिकामा जोखिमपूर्ण अवस्थामा रहेका क्षेत्र, व्यक्ति, समुह र समुदायको अनुकूलन क्षमतामा अभिवृद्धी गर्ने,

नगर जलवायु परिवर्तन नीति, २०८१

८.२ नगरपालिकामा जोखिमपूर्ण अवस्थामा रहेका पारिस्थितिकीय प्रणालीको उत्थानशिलता विकास गर्ने,

८.३ नगरपालिकाको विकास निर्माण कार्यमा न्यून कार्वन उत्सर्जन विकासको अवधारणालाई अवलम्वन गर्ने,

८.४ जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलनका लागि प्रदेश, संघ, विकास साझेदार संस्था तथा अन्तरराष्ट्रिय संघ संस्थासंग वित्तिय सहायता प्राप्त गरि समुदायको क्षमता अभिवृद्धि र अनुकुलनमा परिचालन गर्ने,

८.५ जलवायु परिवर्तन समवन्धि सूचना नगरपालिका भित्र पहुँचयुक्त ढाँचामा प्रवाह गर्दै नगरपालिका अन्तर्गत संचालन हुने नीति, योजना तथा कार्यक्रमहरुमा जलवायु परिवर्तनका विषयहरुलाई मूलप्रवाहिकरण गर्ने।

## ९. क्षेत्रगत नीति तथा कार्यनीतिहरू

यस नीतिमा उल्लेखित लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न देहाय वमोजिमका क्षेत्रगत नीति एवं रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ।

### ९.१ कृषि तथा खाद्य सुरक्षा

९.१.१ जलवायु परिवर्तनका असरहरूलाई ध्यानमा राखेर दिगो कृषि अभ्यासहरू, जस्तै स्थानीय बीउ वीजनको संरक्षण र प्रयोग, मिश्रित खेती प्रणाली, जैविक मलको प्रयोग र भिरालो जमिनमा टेरेसिङ विधि अपनाइनेछ।

९.१.२ खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायुमैत्री खेती प्रणालीसंग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यासलाई प्रवर्द्धन र विस्तार गरिनेछ। जैविक मल उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

९.१.३ स्थानीय किसानहरूलाई कृषि उपज वृद्धि गर्न र कृषि जोखिम कम गर्न सहयोग पुर्‍याउन नयाँ र अनुकूलनशील कृषि प्रविधिहरू सिकाइनेछ।

९.१.४ नहर, पोखरी, ताल तलैयाको संरक्षण गरि सिचाई प्रणालीलाई सुदृढ बनाउने र रोग प्रतिरोधी बीउहरू र सूख्खा प्रतिरोधी फसल लागाउन कृषकलाई प्रोत्साहन गरिनेछ।

९.१.५ बाढी र पहिरोबाट हुने क्षति रोक्नका लागि नदी तटीय क्षेत्रमा बाँध, ग्यावियन पर्खाल र नहर निर्माणका साथै भू-संरक्षण उपायहरू जस्तै वृक्षारोपण, तटबन्ध निर्माण र बायो-इन्जिनियरिङ प्रविधिहरूको प्रयोग गरिनेछ।

९.१.६ कृषि क्षेत्रमा जलवायुजन्य प्रकोपबाट हुने विपद (जोखिम) को बिमा गर्ने ब्यबस्था गरिनेछ।

९.१.७ गरिव, सिमान्तकृत, भूमिहिन, आदिवासी, महिला तथा अपाङगता भएका व्यक्ति र समुदायलाई लक्षित गरि कृषिमा आधारित अनुकुलन कार्यक्रम संचालन गरिनेछ।

९.१.८ सुख्खा तथा डुवान क्षेत्रहरूको पहिचान गरि ती क्षेत्रमा उपयुक्त कृषिबालीको प्रबर्द्धन गरिनेछ।

९.१.९ स्थानीय किसानलाई नयाँ र अनुकुलनशील कृषि प्रविधिहरू वारे जानकारी प्रदान गर्दा कृषिमा संलग्न अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकताका साथ तालिममा सहभागिता गराइनेछ।

९.१.१० नदी तटीय क्षेत्रमा बाँध, ग्याबियन, पर्खाल नहर आदी पूर्वाधार निर्माण गर्दा गर्दै सबै कार्यगत सिमितता भएका व्यक्तिहरूको पहुचलाई सुनिश्चित गरिनेछ।

९.१.११ विषादियुक्त खाद्य, रासायनिक मलको प्रयोग लगायत अन्य वातावरण प्रतिकुल क्रियाकलापलाई निरुत्साहन गरिनेछ।

## ९.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण

९.२.१ सामुदायिक वन कार्यक्रमले वन संरक्षण, वनको पुनःस्थापना र दीगो उपयोगमा जोड दिदै वनविनासको जोखिमलाई कम गर्दै कार्बन जगेर्ना (carbon sequestration) गर्न मद्दत पुर्‍याउने कार्य गरिनेछ।

९.२.२ सामुदायिक वनहरुमा वन व्यवस्थापनको माध्यमले वनपैदावरको उत्पादनमा वृद्धि गरि स्थानीय समुदायलाई इन्धन, काठ र अन्य वन पैदावारको आपूर्तिमा अभिवृद्धि गरिनेछ।

९.२.३ वन विनाश रोक्न र जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू कम गर्न सामुदायिक वनहरूमा वन्यजन्तु संरक्षण, वृक्षारोपण आदि कार्य गरिनेछ।

९.२.४ पर्यापर्यटनको विकास गर्दै समुदायले जैविक विविधता संरक्षणको लाभ पाउने व्यवस्था गरिनेछ।

९.२.५ शहरी वन व्यवस्थापन, सडक, नदीनाला, नहर, ताल तलैया किनारमा वृक्षारोपण र ताल पोखरी संरक्षणमा विशेष ध्यान दिइनेछ।

९.२.६ जैविक तटवन्ध र हरीयाली प्रवर्दधनलाई प्राथमिकता दिइनेछ। जलचर संरक्षणका लागि नदि, नहर, कूलो लगायतका पानीका श्रोतमा फोहोर गर्न निषेध गरिनेछ।

## ९.३ जलश्रोत तथा उर्जा

९.३.१ ग्रामीण क्षेत्रमा खाना पकाउने इन्धनको रूपमा परम्परागत इन्धनहरूको सट्टा बायोग्यास, वायो पेलेट तथा व्रिकेटको प्रयोग, विद्युतीय चुलो लगायतका विधिलाई प्रवर्द्धन गरिनेछ।

९.३.२ ग्रामीण क्षेत्रमा सौर्य बत्ती वितरण, सौर्य पानी तताउने प्रणाली र सौर्य पम्पको प्रयोगलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जा पहुँचलाई बढाइनेछ।

नगर जलवायु परिवर्तन नीति, २०८९

९.३.३ नवीकरणीय उर्जाको प्रवर्धनको निमित्त ग्रामीण क्षेत्रमा सौर्य उर्जा बत्ती बितरण गर्दा अपाङ्गता भएका व्यक्ती, न्युन आर्थिक अवस्था भएका परिवार, लगायतका अन्य संकटासन्न व्यक्ति समूह समूदायलाई प्राथमिकता दिइनेछ।

९.३.४ जल उत्पन्न प्रकोपलाई न्युनिकरण गर्न जैविक तटवन्ध निर्माण गर्ने, उपयुक्त कृषि वाली लगाउने र जलवायु अनुकुलन विकासमा जोड दिइनेछ।

## ९.४ ग्रामीण र शहरी वसोवास

९.४.१ जोखिमयुक्त क्षेत्रमा रहेका घर र संरचनाहरूलाई पुनर्निर्माण वा स्थानान्तरण गरेर सुरक्षित स्थानमा सार्न प्रोत्साहित गरिनेछ।

९.४.२ नगर भू-उपयोग योजनाले पहिचान गरेका स्थानमा मात्र घर निर्माण गर्ने मापदण्ड वनाइनेछ।

९.४.३ ग्रामीण क्षेत्रका घरहरूलाई वाढी तथा डुवानबाट जोगाउन परम्परागत र सुरक्षित आवास निर्माण विधिहरू अपनाइने छ।

९.४.४ बाढीको जोखिम भएका ठाउँमा जलवायु-प्रतिरोधी र पहुँचयुक्त संरचना वनाउने, बलियो र उचो डिपिसि ढलान गर्ने, उचाइमा घर वनाउने कार्य गरिनेछ।

९.४.५ नगरपालिकामा वढदो शहरीकरणको व्यवस्थापन गर्न दिगो शहरी विकासमा केन्द्रित भएर नगरका उपयुक्त स्थानमा सर्वसुलभ र पहुँचयुक्त हरित क्षेत्र, पार्क र सार्वजनिक स्थलहरूको विकास गरिनेछ।

९.४.६ नगरपालिकाको शहरी क्षेत्रमा वन्ने आवासीय तथा व्यवसायिक भवनहरूलाई जलवायु परिवर्तनको प्रभाव प्रतिरोधी र पहुँचयुक्त बनाउन भवन निर्माण संहिताको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गरिनेछ।

९.४.७ आदिबासी जनजाति र स्थानीय समुदायमा रहेको जलबायुमैत्री आवाससंग सम्बन्धित स्थानीय परम्परागत ज्ञान, सीप, सस्कृति, अनुभव र अभ्यासलाई नविनतम प्रविधिसंग जोडेर प्रबर्धन र विस्तार गरिनेछ।

## ९.५ उद्योग, यातायात तथा भौतिक पूर्वाधार

९.५.१ वनजन्य र कृषिजन्य उद्यमहरुको विकास गर्ने गरि साना र मझौला उद्यमहरूलाई प्रोत्साहन गरिनेछ।

९.५.२ सामुदायिक वन उपभोक्ता समुहलाई आफ्नो वन क्षेत्रमा हुने वन पैदावारमा आधारित उद्यमशिलता विकास गरि स्थानीय समुदायको आर्थिक अवस्थामा सुधार गर्ने कार्य गर्न सहयोग गरिनेछ।

नगर जलवायु परिवर्तन नीति, २०८१

९.५.३ वन पैदावारमा आधारित उद्यमशिलता विकास कार्यक्रममा विपन्न, वहिस्करणमा परेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, लगायतका समुदायको पहूँच वृद्धि गरिनेछ ।

९.५.४ स्थानीय युवा, उद्यमी र उत्पादकहरुलाई नवप्रवर्तन गर्ने अवसर प्रदान गर्न नगरपालिकाले नवप्रवर्धन कोषको व्यवस्था गरि संचालनमा ल्याइनेछ ।

९.५.५ नगरपालिकामा निर्माण हुने वाटाघाटा, पुलपुलेसा, कुलो पैनि, नहर आदि सवै खाले निर्माणमा दीगो पूर्वाधार निर्माण गर्ने प्रविधि र न्यून कार्बन उत्सर्जन गर्ने नीति अख्तियारी गरिनेछ ।

९.५.६ स्थानीय भौतिक पूर्वाधार विकास निर्माण गर्दा जलवायु परिवर्तनलाई मूल प्रवाहीकरण गरि मापदण्डलाई कार्यान्वयन गरिनेछ ।

९.५.७ जलवायु अनुकुल हुनेगरि नगर यातायात गुरुयोजना तयार गरि सो अनुरुपको योजना कार्यान्वयन गरिनेछ।

९.५.८ विद्युतीय सवारी साधन र विद्युतीय चुलोलाई प्रोत्साहन गरिनेछ ।

## ९.६ पर्यटन एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा

९.६.१ टीकापुर वृहत उद्यानको संरक्षण तथा सौन्दर्यकरण गर्न उद्यानभित्रको फोहोर व्यबस्थापन गरिनेछ ।

९.६.२ प्लास्टिकको प्रयोग लगायत अन्य वातावरण प्रतिकुल क्रियाकलापलाई निरुत्साहित गरिनेछ । एक पटक मात्र प्रयोगमा आउने प्लाष्टिकको उपयोगलाई निषेध गरिनेछ ।

९.६.३ जलवायु परिवर्तनको प्रतिकुल असरको जोखिममा परेका स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको मर्मत सम्भार र संरक्षण गरिनेछ ।

९.६.४ नगरका उपयुक्त स्थानमा पर्यापर्यटनको विकास गर्न र स्थानीय संस्कृति तथा परम्पराको प्रचार प्रचार गरि आयआर्जनका अवसरमा वढोत्तरी ल्याउन होम-स्टे को प्रवर्धन गरिनेछ ।

८.६.५ पर्यटनको विकास प्रकृति अनुसार भन्ने मान्यताको साथ नगर योजना तयारी गरि कार्यान्वयन गरिनेछ ।

## ९.७ स्वास्थ्य, खानेपानी तथा सरसफाई

९.७.१ नगरपालिकाले वर्षा, वाढी र डुवान पछि देखिने रोगहरु, आदिको नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि, सचेतना र पूर्व तयारीका साथ जलवायु जन्य स्वास्थ्य जोखिमहरू घटाउन सघन कार्य गरिनेछ ।

९.७.२ ‘प्रकोप र महामारीमा स्वास्थ्य सेवा सहज बनाउन तथा तत्काल सेवा प्रवाह गर्न डेडिकेटेड टोली निर्माण गरिनेछ।

नगर जलवायु परिवर्तन नीति, २०७९

९.७.३ प्राकृतिक जलस्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नका लागि पोखरी, पानीका इनार,  सिँचाइका नहर र पैनीहरूको मर्मत तथा सुधार कार्य गरि बाढी  र सुख्खा जस्ता जलवायु परिवर्तनका असरहरूलाई कम गर्न मद्दत पुग्ने किसिमका कार्यहरु गरिनेछ।

९.७.४ डेगु, मलेरिया, झाडा पखाला, कालाज्वर लगायतका सरुवा रोगहरुको नियन्त्रणको लागि नगर क्षेत्र भित्र सरसफाईका कार्यलाई विषेश महत्वका कार्यका रुपमा कार्वान्वयन गरिने छ।

९.७.५ नगरपालिका क्षेत्रभित्र खानेपानीलाई स्वच्छ र सुरक्षित राख्न तथा त्यसको व्यवस्थापनमा प्रभावकारी उपाय अवलम्बन गरिनेछ।

९.७.६ स्वास्थ्य महामारी एवं प्रकोप न्युनिकरण र व्यबस्थापनका लागि नगरपालिकाले सम्भाव्य जोखिमको आंकलन गरि पूर्व तयारीका लागि महामारी एवं प्रकोप प्रतिरोधि कार्य योजना तयार गर्नेछ। त्यसरी योजना तयार गर्दा महिला, बालबालिका, दिर्घ रोगी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सिमान्तकृत समुदायलाई बिशेष प्राथमिकता दिइनेछ।

९.७.७ नगरपालिका भित्र स्वास्थ र स्वच्छतालाई ध्यान दिँदै पहूचयुक्त सार्वजनीक शौचालय निर्माण गरिने छ।

## ९.८ विपद जोखिम न्यूनिकरण र व्यवस्थापन

९.८.१ नगरपालिका  क्षेत्रमा विपद जोखिमका रुपमा देखिएका वाढी, नदी किनार कटान, वन-डढेलो, हावाहुरी, मानव जन्यजन्तु द्वन्द, जैविक प्रकोप जस्ता प्रमुख वाताबरणीय जोखिमलाई सम्वोधन गर्ने कार्यक्रम राखिने छ।

९.८.२ टीकापुर नगरपालिकामा स्थानीय आपतकालीन संचालन केन्द्र Local Emergency Operation Centre  (LEOC) र विपद नियन्त्रण प्रणाली Incident Command System (ICS), विपद जोखिम नियन्त्रणका लागि सामुदायिक रिस्क र रेस्पोन्स टोली (community disaster relief and response team) र बाढी पूर्वानुमान योजना (Flood Anticipatory Plan) लगायतका सवै खाले प्रणालीलाई सुचारू हालतमा राख्नका लागि आवश्यक पर्ने श्रोत र साधनको व्यबस्था गरिने छ।

९.८.३ विपद व्यवस्थापन कोषको अभिवृद्धि गरि प्रभावकारी परिचालन गरिनेछ।

९.८.४ बाढी, आगलागि जस्ता प्रकोपहरूको सम्भावनालाई ध्यानमा राखेर आपतकालीन प्रतिक्रिया योजना, प्रारम्भिक चेतावनी प्रणाली र सुरक्षित ठाउँहरूको पहिचान गरि स्थापना गरिनेछ।

९.८.५ नगरपालिकामा जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन गरिनेछ। वाढीको जोखिम रहेका स्थानमा उच्च भवन निर्माण प्रणालीको विकास गरिनेछ।

नगर जलवायु परिवर्तन नीति, २०८१

## ९.९ अन्तर सम्बन्धित क्षेत्रहरु

### क. लैगिक तथा सामाजिक समावेसिता

१. नगरपालिका स्तरमा नीतिहरूले लैङ्गिक समानता र जलवायु कार्यमा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिने गरि निर्माण गरिने छ। अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुर्‍याउन नीति र कार्यक्रममा आवश्यक बजेटको व्यबस्था गरिनेछ।

२. महिला, आदिवासी जनजाती समुदाय, विपन्न गरिब परिवार, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत व्यक्ति, समूहहरू र समुदायलाई जलवायु नीतिमा आफ्नो पक्षमा पैरवी र पहुँच राख्न सक्ने तथा उपयुक्त कार्यक्रमवाट लाभ प्राप्त गर्न अबस्थाको सुनिश्चित गरिनेछ।

३. महिला, बालबालिका,अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सिमान्तकृत तथा अल्पसंख्यक समुदाय, जलबायु परिवर्तन बाट प्रभावित क्षेत्र र संकटासन्न समुदाय लक्षित गरि कार्यक्रम संचालन तथा बजेट व्यवस्थापन गरिनेछ।

### ख. जनचेतना अभिवृद्धि तथा क्षमता विकास

१. नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीहरू, समुदायका संघसंस्था र समुहको क्षमता वृद्धि गर्ने गतिविधिहरू संचालन गरिनेछ।

२. जनचेतना कार्यक्रमहरू र समुदाय-आधारित अनुकूलन कार्यक्रमहरू कार्यान्वयन गरेर स्थानीय समुदायलाई निर्णय प्रक्रियामा संलग्न गरि जलवायु अनुकूलनका अभ्यासहरूलाई प्रोत्साहन गरिनेछ।

३. गाउँ, टोल र वस्ती तहमा प्रकोप व्यवस्थापन समितिहरू गठन गरि समुदायस्तरमा प्रकोप व्यवस्थापन तालिमहरू सञ्चालन गरिनेछ।

४. नगरपालिका भित्र "हरित विद्यालय अभियान" सञ्चालन गरि विद्यालयहरूमा हरित क्षेत्रहरूको विकास, विद्यार्थीहरूलाई जलवायु परिवर्तन सम्बन्धी शिक्षा र जनचेतना, नवीकरणीय ऊर्जाको प्रयोग प्रवर्द्धन गरिनेछ।

५. नगरपालिका भित्र रहेका सवै सामुदायिक विद्यालयहरूमा समावेशीतालाई ध्यान दिई 'इको क्लव'को गठन गरि विद्यार्थीहरूलाई जलवायु परिवर्तन सम्वन्धि सचेतना कार्यमा सामेल गरिनेछ।



नगर जलवायु परिवर्तन नीति, २०८१

६. स्थानीय समुदायमा जलवायु परिवर्तनका असरहरूबारे सचेतना फैलाउन र जलवायु अनुकूलन उपायहरूको महत्त्वबारे जानकारी दिन तालिम, कार्यशाला, सिकाई तथा अनुभव आदानप्रदान र सामुदायिक कार्यक्रमहरू सञ्चालन गरिन्छ।

## १०. संस्थागत व्यबस्था

१०.१ नीति कार्यान्वयनका लागि नेपालको संविधान र संघीय संरचना अनुरुप यस नीतिले परिकल्पना गरे अनुसार स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको संरचनालाई पुनर्संरचना गरि जलवायुमैत्री नगर संरचनाको विकास गरिनेछ।

१०.२ नगरपालिकामा नीतिगत समन्वय र मूल्याङ्कनका लागि नगर वातावरण परिषद, अनुगमनका लागि वातावरण तथा विपद समिति, कार्यान्वयनका लागि वातावरण शाखा र जलवायु परिवर्तन फोकल इकाई, GEDSI फोकल र आवश्यकता अनुसार अन्य समिति तथा उपसमितिहरु रहनेछन्।

१०.३ स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि एवं स्थानीय अनुकुलन योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन तथा आवश्यता अनुसार परिमार्जन गरिनेछ।

१०.४ नेपाल सरकार, प्रदेश सरकार, वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा क्रियाशील संस्थासंग समन्वय र सहकार्य गरि संस्थागत क्षमता सुदृढ गरिनेछ।

१०.५ नीतिको विस्तृत कार्ययोजना र स्थानीय अनुकुलन कार्ययोजना कार्यान्वयन गरिनेछ।

१०.६ अनुकूलन उपायहरू विशेषगरि स्थानीय आवश्यकताहरू, भौगोलिक अवस्था र सामाजिक-आर्थिक अवस्थाहरूका आधारमा डिजाइन गरिने छ।

## ११. वित्तीय व्यवस्थापन

११.१ नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट बिनियोजित बजेट, जलवायु परिवर्तनको क्षेत्रमा क्रियाशील निजी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त हुने सहयोग तथा साझेदार संस्थाबाट प्राप्त सहयोग यो नीति कार्यान्वयनका प्रमुख वित्तीय स्रोत रहनेछन।

११.२ नेपाल सरकारले संचालन गरेको उत्सर्जन कटौतिका कार्यक्रम वापत प्राप्त हुने वित्तीय श्रोत पनि यो नीति कार्वान्वयन गर्न सहायक हुने छन्।

११.३ यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न नगरपालिकाका सवै क्षेत्रको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा जलवायु परिवर्तनका असर न्युनीकरण गर्ने र वातावरण संरक्षण गर्ने अवधारणालाई अगाडि ल्याइनेछ।

११.४ यो नीतिको प्राथमिकता अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, गैर सरकारी संस्थाहरु र वैक तथा वित्तीय क्षेत्र लगायत निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरि आवश्यक स्रोतको व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १२. अनुगमन, मूल्यांकन र समीक्षा

१२.१ यो नीति कार्यान्वयनको क्रममा अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांकन गर्ने दायित्व स्थानीय वातावरण संरक्षण परिषद हुनेछ ।

१२.२ स्थानीय समुदायहरूलाई जलवायु परिवर्तनका असरहरूसँग जुध्न मद्दत पुर्‍याउने र तिनीहरूको प्रतिरोधात्मक क्षमतामा सुधार गर्ने विषयमा आवधिक रुपमा अनुगमन र मूल्यांकन गर्नु र नीतिको कार्यान्वयनका लागि वातावरण तथा विपद व्यबस्थापन समिति र वातावरण शाखाको क्षमता अभिवृद्धी गरिनेछ ।

१२.३ वडा कार्यालय एवम् अन्य सरोकारवाला निकाय तथा लक्षित वर्ग र समुदायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ ।

१२.४ अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई नियमित, प्रभावकारी र सहज वनाइनेछ ।

१२.५ प्रत्येक पाँच बर्षमा यस नीतिको समीक्षा गरि आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## १३. नीति कार्यान्वयनको कार्ययोजना र पुनरावलोकन

१३.१ नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको अधिकार क्षेत्र, वातावरण संरक्षण र जलवायु परिवर्तनसँग सम्बन्धित कानून तथा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधिनमा रही यो नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ ।

१३.२ संघीय तथा प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरू, गैरसरकारी संस्था, अपाङ्गताभएका व्यक्तीहरू द्वारा सञ्चालित संस्था, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्था लगायत सरोकारवालासंगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन न्युनिकरण र अनुकुलनका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१३.३ कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१३.४ जलवायुजन्य विपद व्यबस्थापन गर्नका लागि समुदाय स्तरमा सामुदायिक संस्था र समुहको सहकार्यमा नागरिक स्वयंसेवक समिति गठन गरि परिचालन गरिनेछ ।

१३.५ नगरपालिकाभित्र संचालित कार्यक्रम र परियोजनाको अनुगमन, मूल्याङकन र अभिलेखिकरण गरि नगर कार्ययोजनासंग तादाम्यता मिलाइनेछ ।

१३.६ हरेक तीन बर्षमा कार्ययोजनाको पुनरावलोकन गरिनेछ ।

नगर जलवायु परिवर्तन नीति, २०८१

## १४. जोखिम

यस नीति कार्यान्वयन गर्न तहगत समन्वय हुन नसकेमा र आवश्यक पर्ने स्रोत साधन उपलब्ध हुन नसकेमा कार्यान्वयनमा कठिनाई भई यस नीति तथा कार्यनीतिले अपेक्षा गरेका नतिजा प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना छ।

नगर जलवायु परिवर्तन नीति, २०८१